नेपाल सरकार

गृह मन्त्रालय

# सशस्त्र प्रहरी बल, नेपाल

## नं. ४ मुक्तिनाथ बाहिनी मुख्यालय पोखरा

## पुराना जिन्सी सामानहरू तथा सवारी साधनहरूको लिलाम बिक्री सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना

**सूचना नं. १**

**प्रथम पटक प्रकाशित मिति : २०८०/०८/[illegible]३ गते ।**

यस कार्यालयको जिन्सी आम्दानीमा रहेका निम्नानुसारका सवारी साधनहरू तथा जिन्सी मालसामानहरू जेजस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले खरिद गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरूले निम्नालिखित शर्तहरूको अधीनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**निम्न :-**

| क्र.सं. | मालसामानको विवरण | न्यूनतम् मूल्य (मू.अ.कर बाहेक) | कै. |
|---|---|---|---|
| १. | सि.डि. १०० मो.सा. (बा.१ ब ६६६७) मोडल नं. २००१ | रू. ३,६००/- | |
| २. | विभिन्न जिन्सी मालसामानहरू | रू. ५,५००/- | |
| | **जम्मा** | रू. ९,१००/- | |

**शर्तहरू:-**

१. इच्छुक बोलपत्रदाताले बोलपत्र सूचना प्रकाशित भएको मितिले ७ दिनभित्रमा रू. १,०००/- बोलपत्र दस्तुर (फिर्ता नहुने गरी) नगदै बुझाई यस कार्यालयबाट फाराम खरिद गर्न सकिनेछ ।

२. बोलपत्र ८ औं दिनको १२:०० बजेसम्म दर्ता गरिसक्नु पर्नेछ । सो दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिनमा सोही समयभित्रमा दर्ता गराइसक्नु पर्नेछ । बोलपत्र दर्ता गर्दा शिलबन्दी खाम बाहिर बोलपत्रको सूचना नम्बर, मिति र बोलपत्रदाताको नाम, ठेगाना स्पष्ट रूपमा लेख्नुपर्नेछ ।

३. ८ औं दिनको १२:०० बजेसम्म दर्ता हुन आएका बोलपत्रहरू सोही दिनको १५:०० बजे यसै कार्यायलमा बोलपत्रदाता वा निजका प्रतिनिधिहरूको रोहवरमा खोलिनेछ । बोलपत्रदाताहरू वा निजका प्रतिनिधिको उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्नेछैन ।

४. बोलपत्रमा बोलपत्रदाता व्यक्ति वा फर्मले नेपाली नागरिकता, फर्म दर्ता, करदर्ता, र करचुक्ता प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपिहरू संलग्न राखी पूरा नाम, थर र ठेगाना लेखी फर्मको आधिकारिक सहीछाप गरी निवेदन पेश गरेको हुनुपर्नेछ ।

५. बोलपत्रमा बोलपत्रदाताले आफूले कबोल गरेको रकम अङ्क र अक्षर दुवैमा स्पष्टसँग उल्लेख गर्नुपर्नेछ । सच्याइएको वा केरमेट गरेको स्थानमा बोलपत्रदाताको दस्तखत हुनुपर्नेछ साथै अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । कुनै पनि शर्त राखी पेश भएको बोलपत्र मान्य हुनेछैन ।

६. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

७. बोलपत्रदाताले बोलपत्र स्वीकृत भएको मितिले ७ (सात) दिनभित्र आफूले कबोल गरेकमको १० प्रतिशतले हुन आउने रकममा नघटाई को.ले.नि.का. कास्कीको राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय पृथ्वीचोक कास्कीमा रहेको धरौटी खाता नं. ३०२०१००१०२०३०००० मा नगदै दाखिला गरी सोको सक्कलै भौचर वा नब्बे दिन मान्य अवधिको कुनै राष्ट्रिय बैंकबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै बैंक जमानत (बैंक ग्यारेन्टी) बोलपत्र फाराम साथ पेश गर्नुपर्नेछ ।

८. उल्लेखित सामानहरू हेर्न वा थप कुराहरू बुझ्नु परेमा कार्यालय समयभित्र यस कार्यालयमा आई हेर्न र बुझ्न सकिनेछ वा यस कार्यालयको सम्पर्क नं. ९८५१२७२०२५ मा सम्पर्क राख्न सकिनेछ ।

९. यसमा उल्लेख भएदेखि बाहेक अन्य कुराहरू प्रचलित ऐन, नियमबमोजिम हुनेछ ।

(कालीदास धौवजी)

सशस्त्र प्रहरी नायब महानिरीक्षक

बाहिनीपति